# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडाले हाल कायम रहेको भारु १०० को नेरु १६० विनिमयदर परिवर्तन गर्ने कुनै सोच नेपाल राष्ट्र बैंकको नभएको बताउनुभएको छ । नेपाल आर्थिक पत्रकार समाज- सेजन आबद्ध पत्रकारहरूबीच बैंकको केन्द्रीय कार्यालयमा असार २५ गते सम्पन्न भेटघाटमा उहाँले भारुको विनिमयदर परिवर्तन सम्बन्धमा बैंकले कुनै अध्ययन र विश्लेषण हालसम्म नगरेको बताउनुभयो ।



सो अवसरमा उहाँले नाफाका लागि भारु सञ्चिति गर्नेले अब ढिला नगरिकन बैंक तथा वित्तीय संस्थामा जम्मा गर्न आग्रह गर्नुभयो । बैंकहरुले राम्रो ब्याज दिइरहेको अहिलेको अवस्थामा दराजमा पैसा थन्काएर आम्दानी नगुमाउन पनि उहाँले सुझाव दिनुभयो ।

अबको मौद्रिक नीति सन्तुलित रुपमा आउने गभर्नर डा. खतिवडाले पत्रकारहरुलाई स्पष्ट गर्नुभयो । 'यहाँभन्दा कति कडा मौद्रिक नीति ल्याउने ?' उहाँले प्रतिप्रश्न गर्नुभयो । 'त्यसैले अर्थतन्त्रका लागि पर्याप्त तरलता र उत्पादनमूलक क्षेत्रका लागि आवश्यक कर्जा प्रवाह हुने गरी सन्तुलित मौद्रिक नीति ल्याउने प्रयास भइरहेको छ' उहाँले भन्नुभयो ।

विगतमा सरकारको बजेटमा उल्लिखित नीति तथा कार्यक्रमलाई मध्येनजर गरी मौद्रिक नीति आउने गरेकोमा राजनैनिक परिस्थितिलाई ध्यानमा राखी आगामी तीन वर्षका लागि तयार गरिएको योजना र देशको आर्थिक परिसूचकमा आधारित भएर अन्तरिम रुपमा तदर्थ मौद्रिक नीति ल्याउन सकिने धारणा उहाँले राख्नुभयो । यद्यपि कस्तो मौद्रिक नीति ल्याउने भन्ने निर्णय बैंक सञ्चालक समितिले गर्ने उहाँले जानकारी दिनुभयो ।

वाणिज्य बैंकहरुले बढाएको ब्याजका कारण तिनीहरुको निक्षेपको वृद्धिदर समेत ११ प्रतिशत पुगेको चर्चा गर्दै उहाँले घरजग्गा कर्जा केन्द्रीय बैंकले रोकेको नभई तोकिएको सीमामा बस्न बैंकहरुले नै सो क्षेत्रमा कर्जा प्रवाह रोकेको बताउनुभयो । यसका कारण ९० प्रतिशतभन्दा माथि रहेको बैंकहरुको कर्जा-निक्षेप अनुपात ८५ प्रतिशतभन्दा तल पुगेको अवस्था वित्तीय क्षेत्रका लागि राम्रो सङ्केत भएको उहाँले बताउनुभयो ।

छलफलको क्रममा गभर्नर डा. खतिवडाले बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतको तलब तथा सुविधा नेपाली वित्तीय प्रणालीले धान्ने र नेपाली जनमानसले पत्याउने खालको हुनुपर्ने विचार राख्दै केन्द्रीय बैंकले यस्तो सुविधा निर्धारण गर्नु व्यावहारिक नहुने बताउनुभयो ।

कार्यक्रममा सेजनका अध्यक्ष श्री नारायण सापकोटा लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

गभर्नरको कार्यालय